सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सूचना नं: ०७

## मेलमिलापकर्ता सूचीमा सूचिकृत हुन तथा विवरण अद्यावधिक गर्ने सम्बन्धी सूचना।

प्रथमपटक प्रकाशित मिति: २०८२/०४/१९

उपरोक्त विषयमा सुनिलस्मृति गाउँपालिका न्यायिक समिति अन्तर्गत रहेको सामुदायिक मेलमिलाप केन्द्रमा मेलमिलाप सम्वन्धी कार्य गर्नका लागि सुनिलस्मृति गाउँपालिका न्यायिक समिति(कार्यविधि सम्वन्धी) ऐन,२०७४ को दफा ५९ बमोजिम देहायको योग्यता पुगेका मेलमिलापकर्ताहरुलाई सोही ऐनको दफा ६० बमोजिम आ.व २०८२/८३ को लागि सूचिकृत गर्नुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस गाउँपालिकामा सूचिकृत हुन वा अद्यावधिक गर्नको लागि सूचना प्रकाशन गरिएको छ।

**मेलमिलापकर्ता सूचिकृत हुन आवश्यक योग्यता**

१. कुनै राजनीतिक दलप्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको
२. मेलमिलाप सम्वन्धी ४८ घण्टे आधारभूत तालिम लिएको
३. २५ वर्ष उमेर पुरा भएको
४. स्नातक उत्तीर्ण

**आवश्यक कागजातहरु**

१. सुनिलस्मृति गाउँपालिकाको न्यायिक कार्यविधि ऐन,२०७५ को अनूसुचि ११ वमोजिमको निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
४. मेलमिलाप सम्बन्धी आठ दिवसिय(४८ घण्टे) आधारभूत तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि
५. पासपोर्ट साइजको फोटो २ प्रति
६. मेलमिलाप सम्वन्धी अनुभव भए सो कागजात
७. ब्यक्तीगत विवरण

(पुनश्चः मेलमिलापकर्ताको आधारभूत तालिम लिई सामुदायिक मेलमिलापकर्ताको काम गर्न चाहनेहरुको हकमा उल्लेखित शैक्षिक योग्यता र उमेरको कारणले सूचिकृत गर्न बाधा पर्ने छैन।)

२०८२/०४/१९

...........................

(नगेन्द्र प्रसाद रिजाल)

प्रमुख प्रशासकीय अधिकृत

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"*

ईमेल: info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइट:sunilsmritimun.gov.np फोन नं:०८६४०११५२,७०